आज मिति २०७६ साल मंसीर २१ गते शनिवारको दिन दिउँसो २:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावलको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री तेज बहादुर शाही | का.वा. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| १८. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १९. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| २०. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २१. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २२. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २३. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | सचिव | | |

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति : २०७६।०८।२१ गतेको वैठकका निर्णय

प्रस्तावहरु

१. करार सेवामा डाक्टर नियुक्त गर्ने सम्वन्धमा ।

२. करार सेवामा कर्मचारी नियुक्त गर्ने सम्वन्धमा ।

३. करार सेवामा अ.न.मी. नियुक्त गर्ने सम्वन्धमा ।

४. एम्वुलेन्स खरिद गर्ने सम्वन्धमा ।

५. राजश्व दाखिला गर्ने सम्वन्धमा ।

६. रकमान्तर गर्ने सम्वन्धमा ।

७. रकम भुक्तानी गर्ने सम्वन्धमा ।

नगर कार्यपालिकाको निर्णयहरु

**निर्णय नं. १** : नलगाड नगरक्षेत्रका बासिन्दाहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुच पुर्याई सरल, सहज तथा प्रभावकारी रुपले स्थानीय स्तरमा नै स्वास्थ्य सेवा उपलव्ध गराउन, स्वास्थ्य सम्वन्धी परामर्श सेवा उपलव्ध गराउन नलगाड नगरपालिका अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा रहने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) बमोजिम एक जना चिकित्सक (डाक्टर) सेवा करारमा नियुक्ति गरी आन्तरिक राजश्व तथा राजश्व बाँडफाँटबाट तपशिल बमोजिमको सेवा सुविधा उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मासिक तलव स्केल | ४०,३८० | |
| २. | मासिक स्थानीय भत्ता | २०,१९० | |
| ३. | मासिक महंगी भत्ता | २,००० | |
| ४. | मासिक आकष्मिक सेवा सन्चालन भत्ता | १५,००० | |
| ५. | पोशाक भत्ता (वार्षिक) | १०,००० | चैत्र महिनामा |
| ६. | अन्य सेवा सुविधा स्वास्थ्य संस्था सन्चालक समितिको निर्णयानुसार उपलव्ध हुने | | |

**निर्णय नं. २** : नलगाड नगरक्षेत्रका बासिन्दाहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुच पुर्‍याई सरल, सहज तथा प्रभावकारी रुपले स्थानीय स्तरमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन, नलगाड नगरपालिका अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा रहने गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) बमोजिम एक जना रेडियोग्राफर सेवा करारमा नियुक्ति गरी आन्तरिक राजश्व तथा राजश्व बाँडफाँटबाट तपशिल बमोजिमको सेवा सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मासिक तलव स्केल | १५,००० | |
| २. | मासिक महंगी भत्ता | २,००० | |
| ३. | पोशाक भत्ता (वार्षिक) | १०,००० | चैत्र महिनामा |
| ४. | अन्य सेवा सुविधा स्वास्थ्य संस्था सञ्चालक समितिको निर्णयानुसार उपलब्ध हुने | | |

**निर्णय नं. ३** : नलगाड नगरक्षेत्रका बासिन्दाहरुको गुणस्तरिय स्वास्थ्य सेवामा पहुच पुर्‍याई सरल, सहज तथा प्रभावकारी रुपले स्थानीय स्तरमा नै स्वास्थ्य सेवा उपलब्ध गराउन, सुत्केरी सेवालाई थप प्रभावकारी बनाउन नलगाड नगरपालिका अर्न्तगत स्वास्थ्य चौकी डाँडागाउँ, स्वास्थ्य चौकी लहँ, स्वास्थ्य चौकी भगवतीमा रहने गरी ३ (तीन) जना अ.न.मी. सेवा करारमा नियुक्ति गरी तपशिल बमोजिमको सेवा सुविधा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मासिक तलव स्केल | २६,००० | |
| २. | मासिक महंगी भत्ता | २,००० | |
| ३. | पोशाक भत्ता (वार्षिक) | १०,००० | चैत्र महिनामा |

**निर्णय नं. ४** : यस नगरपालिकामा बस्ने स्थानीय बासिन्दाहरुको स्वास्थ्य सेवामा सहज पहुँच बनाई स्वास्थ्य सेवालाई जनमुखि बनाउन यस नगरपालिका अर्न्तगत रहेको प्राथमिक स्वास्थ्य केन्द्र दल्लीमा एम्वुलेन्स सेवा सञ्चालनको लागि एक थान एम्वुलेन्स खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :** नलगाड नगरपालिका अर्न्तगत प्राथमिक स्वास्थ्य केन्द्र दल्लीको २०७६ श्रावण १ गते देखिको आन्तरिक राजश्व नलगाड नगरपालिकाको सञ्चित कोष खातामा दाखिला गर्न निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६ :** नलगाड नगरपालिकाको पाँचौ नगर सभाबाट पुंजीगत खर्च शीर्षकमा विनियोजित सवारी साधन (ट्रेक्टर खरिद) शीर्षकलाई नाम परिवर्तन गरी एम्वलेन्स खरिद शीर्षकमा रकमान्तर गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) बमोजिम एम्बुलेन्स खरिद गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ७ :** नलगाड नगरपालिकाको पाँचौ नगर सभाबाट चालुगत खर्च शीर्षकमा विनियोजित सुचना प्रचार प्रसार शिर्षकबाट माउण्टेन टेलिभिजन प्रा.लि. ललितपुरलाई विल बमोजिमको रु. ६५,०००।० अक्षरुपी पैसठ्ठी हजार रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।